नेपाल सरकार

तथा

जनवादी गणतन्त्र चीन सरकार

बीचको

नेपाल चीन साँस्कृतिक केन्द्रको स्थापना सम्बन्धी

**समझदारीपत्र**

नेपाल सरकार तथा जनवादी गणतन्त्र चीन सरकार (यसपछि "पक्षहरु" भनिएको),

संस्कृतिको क्षेत्रमा आदानप्रदान तथा सहयोग प्रवर्द्धन गर्ने तथा नेपाल तथा चीनका जनताहरु बीचको पारस्परिक समझदारी एवं मित्रतालाई अभिवृद्धि गर्ने दृष्टिकोणले, देहाय बमोजिमको समझदारीमा पुगेका छन्:

**धारा १**

जनवादी गणतन्त्र चीन सरकारले नेपालमा एक चीन साँस्कृतिक केन्द्रको स्थापना गर्नेछ ।

**धारा २**

चीन साँस्कृतिक केन्द्रले नेपालमा सर्वसाधारणलाई गुणस्तरीय र पहुँचयोग्य साँस्कृतिक कार्यक्रमहरु प्रदान गर्नेछ ।

**धारा ३**

चीनियाँ पक्षले नेपालमा चीन सास्कृतिक केन्द्रको निर्माण, संचालन तथा व्यवस्थापन गर्दा नेपालका कानून तथा नियमहरुको पालना गर्नेछ ।

**धारा ४**

नेपाल सरकारले नेपालमा चीन साँस्कृतिक केन्द्रलाई सुरक्षा प्रदान गर्नेछ ।

**धारा ५**

पक्षहरुले यो समझदारीपत्रमा हस्ताक्षर गरे पछि कुटनीतिक माध्यमहरु मार्फत् नेपालमा चीन साँस्कृतिक केन्द्र स्थापना भएको पुष्टि गर्नेछन् ।

**धारा ६**

नेपाल सरकारद्वारा चीनमा एक नेपाली साँस्कृतिक केन्द्रको स्थापनालाई पारस्परिक हित तथा मित्रताको भावना अनुकूल कुटनीतिक माध्यमहरु मार्फत् अन्तिम रुप दिईनेछ ।

**धारा ७**

यो समझदारीपत्र हस्ताक्षर भएको मितिबाट प्रभावकारी हुनेछ ।

यसको प्रमाण स्वरुप, हामी देहायका हस्ताक्षरकर्ताहरुले आ-आफ्ना सरकारहरुबाट रीतपूर्वक अधिकर प्राप्त गरी प्रस्तुत समझदारीपत्रमा हस्ताक्षर गरेका छौं ।

आज सन् २०१२ को नोभेम्बर महिनाको ०१ का दिन काठमाडौंमा नेपाली, चीनियाँ तथा अंग्रजी भाषाका समान आधिकारिता भएका प्रत्येक दुई-दुई प्रतिमा हस्ताक्षर सम्पन्न भयो । व्याख्यामा कुनै मतभिन्नता भएको अवस्थामा अंग्रेजी प्रति मान्य हुनेछ ।

नेपाल सरकारका निम्ति

जनवादी गणतन्त्र चीन सरकारका निम्ति